# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

२०७६/०१/०८

तेस्रो अधिवेसन

(२५औं बैठक)

बाचन पत्र (रिडिङ्ग पेपर)

१. **माननीय सदस्यहरु,**

यस सभाको तेस्रो अधिवेशनको २५औं बैठकको कार्वाही प्रारम्भ हुन्छ ॥

२. **माननीय सदस्यहरु,**

अब विशेष समय शुरु हुन्छ ।

३. **माननीय सदस्यहरू,**

प्रदेश सभा नियमावली, २०७४ को नियम ५७ बमोजिम समसामयिक विषयमा बोल्नका लागि विशेष समय माग भई आएकोले उक्त समय निर्धारर्ण गरेको छु । विशेष समयमा बोल्नु हुने प्रत्येक माननीय सदस्यहरुको लागि ५ मिनेटको समय निर्धारण गरेको छु ।

सर्वप्रथम माननीय दीर्घ वहादुर सोडारी

**माननीय दीर्घ बहादुर सोडारी**

सभामुख महोदय, हाम्रो संसदको हिउदे अधिवेशनको हामी उत्तरार्धमा छौं । हामीले गत अधिवेशनमा प्रदेशको राजधानी प्रदेशको नामलाइ हाम्रो सभाले Final गरेर यसलाइ गति दिनका निम्ति अगाडी बढिसकेका छौं । खास गरी हिउदे अधिवेशनमा धेरै बजेटहरुमा पनि छलफल गरिरहेका छौं । अब आगामी आर्थिक वर्ष २०७६/७७ को बजेट अषाढ १ गते हाम्रो प्रदेश सभामा पेश गर्नुपर्ने संवैधानिक वाध्यता छ । संघीय सरकारले नेपाल सरकारले जेठ १५ गते बजेट पेश नै गरी सक्ने तयारीका साथ अगाडी बढ्दै छ । हिजो अस्ती मात्रै बजेटको सिलिङहरु हेर्दै थिएँ । यो सिलिङहरु हेर्दा फेरी पनि कता कता संघीयतालाइ कार्यान्वयन गर्ने प्रदेशहरुलाइ व्यवस्थित ढंगले अगाडी बढाउने कुरामा सिलिङहरुमा आखा पर्दा फेरी पनि के साँच्ची संघीयतालाइ कार्यान्वयन गर्छौं भन्ने प्रश्नहरु उठिरहेका छन् उठ्न सक्नेछन् । त्यसैले प्रदेश सभा यसतो महत्वपूर्ण सभा हो । लोकतन्त्रको सबभन्दा उच्चतम रुप । संसदको सबभन्दा राम्रो मोडेल । हामी हाम्रो संसदमा छलफल गर्दै छौं । हामीले हामीलाइ आउने सिलिङ र हामीले बनाउने राजस्वको बारेमा राम्ररी छलफल गर्नुपर्ने छ । खासगरी संघीय सरकारले ल्याउने बजेट सुदूरपश्चिम पछाडी पारिएको र परेको क्षेत्र हो । यसलाइ क्षतिपूर्ति रुपमा पनि थप रकम आउनुपर्ने अवस्था छ । तुलनात्मक रुपमा केही रकमहरु अगाडी बढेको देखिन्छ । सुदूरपश्चिमको हकमा फेरी पनि सिलिङ हेर्दा देशको अवस्था खासगरी राम्रो देखिदैन । त्यो आधिकारिक सिलिङ हो वा होइन । अब खास गरी म माननीयज्यूहरु र आम सुदूरपश्चिमबासीलाइ के आव्हान गर्न चाहान्छु भने संघीय सरकारको बजेट निर्माणको Process अगाडी भएको कारणले हामीले हाम्रो प्रदेशमा हाम्रा प्रदेशका गौरवका आयोजनाहरुलाइ व्यवस्थित ढंगले अगाडी बढाउनका निम्ति हाम्रो प्रदेशमा हिजो देखी भएको हेपिएको र पछाडी पारिएको क्षेत्रमा

थप बजेट ल्याउनका निम्ति पहलकदमी गर्नुपर्ने छ । त्यसका निम्ति हामी सबैले यो बेला जागरुप ढंगले आफ्नो बजेट निर्माणको पक्षमा नयाँ बजेट निर्माणको पक्षमा Pre बजेट छलफलको पक्षमा हामीले राम्ररी लाग्नुपर्नेछ । त्यो काममा हाम्रो ध्यान जानुनै पर्ला किनकि जेठ १५ गते संघीय सरकारको बजेट आइनै हाल्छ । र हामीले राजधानी तोकेर निर्णय गरेको लामो समय भइसकेको छ । राजधानीलाइ अगाडी बढाइरहदा निर्णय मात्रै भइरहदा निर्णयनै आफैमा एउटा महत्वपूर्ण कडी हो । त्यसलाइ कार्यान्वयनको गतिमा अगाडी बढाउनका निम्ति जसरी संघीय सरकारको मन्त्रिपरिषदले हाम्रो राजधानीको कामलाइ तदारुकताका साथ अगाडी बढाउन हाम्रो प्रदेश सरकार र संघीय सरकारमा तदनुसारको ध्यानाकर्षण गर्नका निम्ति आफ्नो आफ्नो ठाउमा लागौं र जनता र सरकार संग संगै अगाडी बढेर राजधानीलाइ अगाडी बढाउनु पर्नेछ । हामी सुदूरपश्चिम को एकमात्र उपमहानगरपालिका धनगढी उपमहानगरपालिका एक मात्रै ठुलो शहर धनगढी शहर । हाम्रो अत्तरिया त्रिनगर भण्सारमा ६ लेनको रोड बनिरहेको छ विगत २ वर्ष देखी । म हिजो अघिल्लो बेंचमा बस्थें । एसी गाडीमा चढ्थें ९ महिनाजति चढें । सबै माननीयज्यूहरु जनताहरुलाइ थाहा छ । आज अलि पछाडी पट्टी बस्छु कहिलेकाँही मोटलसाइकलमा हिड्नु पर्छ । एकपटक धनगढी अत्तरिया सडकमा मोटलसाइकलमा बसिदिएर हाम्रा भिआइपीहरुले पनि अगाडी बढ्न हार्दिक अपिल गर्दछु । यस्तो विजोक छ हामी कल्पना गर्न सक्दैनौं । यसतो विजोक भइरहदा धनगढी देखी अतरियासम्म जोड्नका निम्ति वैकल्पिक बाटाहरु देख्छौं । विगतमा खासगरी पिपलचौतारा र खुटिया सडक, खुटिया खिपायल फास्ट ट्र्याक प्रदेशको लोकमार्गको रुपमा हामीले धेरै पटक चर्चा गयौं तर त्यो बाटो हेर्न हिड्न लायकको छ कि छैन बडा अचम्म लागिरहेको छ । त्यसै कारणले यो प्रदेश सरकार र हाम्रो संघीय सरकार हामी स्थानीय तहका सबै सरकारलाइ हार्दिक अपिल छ कि पिपलचौतरा खुटिया सडकलाइ ततकाल पिज नगर्नेहो भने यो आर्थिक वर्ष भित्र मात्रै पिज नगर्ने हो भने अबको ६ लेनको सडक वर्षाद आउला त्यसले पार्ने हिलो र वैकल्पिक बाटो भएन भने यो राजधानी धनगढीले हामीलाइ धेरै गिज्याउने छ । हाम्रा गाडीहरुलाइ धेरै गिज्याउने छ सडकका जनताहरुलाइ धेरै गिज्याउनेछ । यो काममा हामी सबैको गम्भिर ध्यानाकर्षण गरेर यो आर्थिक वर्ष भित्रै भनेको यो अषाढ मसान्त भित्रै खुटिया पिपलचौतारा सडकलाइ तुरुन्तै कालो पत्रे गरेर कामलाइ अगाडी बढाउनुपर्नेछ । यदि हामीले यो वर्ग सकेनौं भने हामीलाइ धेरै प्रश्नहरु थप उत्पनन् हुनेवाला छ । यसका निम्ति सरकारको म यतापट्टी गम्भिर ध्यानाकर्षण गराउन चाहान्छु । र तत्काल बजेट छुट्याएर कार्यान्वयन गर्नका निम्ति अपिल गर्न चाहान्छु । फेरी पनि यो बिचमा धेरै प्रश्नहरु हामीहरुलाइ उत्रिएका छन् । खास गरी संघीयता २०० वर्ष ३०० वर्ष ५०० वर्ष भएका मुलुकहरु पनि छन् । हाम्रो पनि कामको Process मै छौं । प्रदेश सरकारहरु बनेको करिब करिब हामी डेढ वर्ष भएको छ । बजेटको अन्तिम कार्यभरमा हामी छौं । मन्त्रिज्यू अगाढी हुनुहुन्छ । अहिले पनि आजको दिनमा आज ८ गते वैशाख अब यो आर्थिक वर्ष अषाढमा सकिन्छ हामी सबैलाइ थाहा छ । आज पनि अख्तियारीको कुरा मात्रै । बजेट कार्यान्वयनको गतिमा अगाडी गएको छैन । एउटा चिन्ता हामीलाइ थप बजेटका निम्ति अपिल गर्नेपर्ने लबिङ गर्नुपर्ने शुरमा मैले कुरा गरें । अर्को कुरा हामीले छुट्याएको बजेट कार्यान्वयनको हालत हेर्नेहो भने हामी कतापट्टी जाँदै छौं । सुदूरपश्चिम फेरी सुदूरपश्चिम सबै मानिसले सुदूरपश्चिम भन्नेछ हेप्नेछ । यो हेप्नेको शब्द हो यो । हामीले यो हेपिने शब्द होइन त्यो गौरबको शब्दहो भनेर नामै सुदूरपश्चिम राख्यौं । पछाडी पारेको प्रदेश भनेर नभइ यो हाम्रो गौरबको प्रदेश हो । त्यो नाम राख्यौं । अब हाम्रो क्षमता हाम्रो प्रदेश सरकारको क्षमता बजेट कार्यान्वयनमा दृढतापूर्वक हाम्रा मन्त्रिज्यूहरु हाम्रा मेकानिज्महरु हाम्रा माननीयज्यूहरु र हाम्रा तलका मेकानिज्महरु सबैलाइ प्रयोग गर्नुपर्नेछ । यदि हामीले दृढतापूर्वक छिटो छरितो प्रयोग गर्न सकेनौं भने जे

काठमाडौमा बस्ने ब्युरोक्याटहरु त्यै संघीयता विरोधीहरुले त्यै कुरा सोचिरहेका छन् । जे plan द्धारा कर्मचारीहरुलाइ तल पठाइरहेका छन् । संघीयतालाइ कमजोर बनाउन नेपालमा प्रदेशको पहिलो र अन्तिम बनाउने जे षडयन्त्र रचिदैछ संघीयताका आँखाले बक्रदृष्टि बनाउने तिनिहरुलाइ बल पुग्नेछ । तर हाम्रो कारणले त्यो बल नै स्थापित हुनेछ । त्यसकारणले हामीले जुन ठाउमा जे मकसदले २०६२/६३ को आन्दोलन गर्यौं संघीयताले देशलाइ समृद्धी र विकास दिने सपना बोक्दैन । खासगरी समावेशी र समानुपातिक आधारमा सबैलाइ समेट्ने संघीयताको महत्वपूर्ण कडीको रुपमा अगाडी बढीरहेको छ । हामी लोकतन्त्रको ठुलो इतिहास यहाँ गरिरहेका छौं । सातै प्रदेशमा गरिनै रहेका छौं । यो लोकतन्त्र सबभन्दा ठुलो उपलब्धी हो । यो उपलब्धीलाइ निष्चित बनाउने खेल चलिनै रहेको छ । यसलाइ हामी काम गरेर देखाएर यलाइ निष्चित गर्नुपर्ने छ । यदि काम गरेर देखाएर निष्चित गर्न सकेन भने जे हुनुको उदेश्य छ पछाडीको उदेश्य छ नदेखिने उदेश्य पुरा हुने वाला छ यतातिर सरकारको सम्पूर्ण पक्षको पनि ध्यानाकर्षण गर्न चाहान्छु । केही ठाउहरु खासगरी हाम्रो प्रदेशको हिजो माओवादी जनयुद्धकालमा महत्वपूर्ण पक्ष छन् । तालवन सातवटै प्रदेशको एउटा महत्वपूर्ण क्षेत्रको रुपमा माओवादी क्षेत्रको डिभिजन क्षेत्र बस्यो। आज पुरै ओझेलमा छ । रोड देखी ठाउसम्म ओझेलमा छ । त्यसता ऐतिहासिक क्षेत्रलाइ राम्ररी पहिचान गरेर सरकारले त्यसलाइ कसरी अगाडी को बारेमा सोच्नुपर्छ । मंलसैन दरबारको कथा युद्धकालदेखी अहिलेसम्म हेरिरहेका छौं । टेण्डर प्रोसेस भएको कति वर्ष भयो । त्यो बनिरहेको छैन । एउटा ऐतिहासिक दरबार उस्तै छ । अर्को गोर्खा दरबार एउटा ऐतिहासिक पुरातत्वको तरबार बहादुर समसेर आजभन्दा झन्डै ९० वर्ष अगाडीको हो । पहाडको चुचुरोबाट तराइपट्टि हेरौं सुन्दर ठाउमा छ । त्यो पुरै ओझेलमा छ त्यसको लागि हामीले बजेट छुट्याएका छौं । बाटो पनि पुराउन सकेका छैनौं कार्यान्वयन पनि गर्न सकेका छैनौं । त्यसका निम्ति यसता अरु पुरातात्विक महत्व धेरै कुराहरु त आइसके । खप्तड साइपाल अन्य कुरा त हामी गरिरहेका छौं । पर्यटनको क्षेत्रमा खास गरी यी ओझेलमा परेकाहरुको क्षेत्रलाइ पनि अगाडी बढाउने बढाउने जस्तै अजयमेरुकोट कुरापनि आइरहेको छ अरु क्षेत्रहरुको कुरा आइरहेको छ । यसतो कुराहरुमा हाम्रो ध्यान जानुपर्नेछ । इतिहासको कूराहरु हामीले ठीक ढंगले बुझेर त्यो इतिहासको विरासदलाइ हामीले ठीक ढंगले अगाडी बढाउनु पर्नेछ । त्यसो हुँदामात्रै सुदूरपश्चिम प्रदेश अगाडी बढ्नेछ । हामीले खासगरी सामाजिक विकास मन्त्रालयमार्फत केही गौरवका कामहरु गर्न खोजेका थियौं गर्दै छौं । सरकारले गर्दैछ । खासगरी जयपृथ्वी बहादुर सिंह मानवतावादी नेताको नामबाट हामीले बजेटहरु अगाडी बढायौं । खासगरी द्धारिका देवी ठकुरानीको नामबाट अगाडी माननीय ज्यूहरुले कुरा नै गरिरहनु भएको छ । त्यसै गरी हामीलाइ थाहा छ साहित्यकार पहलमान सिंह स्वारका नामबाट पनि हामीले प्रतिष्ठान बनाउने समग्र साहित्यिक विकासको लागि गर्न खोजिरहेका छौं । र अरु धेरै कामहरु अगाडी बढाएका छौं  खासगरी भौतिक मन्त्रालय मार्पत प्रादेशिक बससेवा संचालन यस्तै धेरै ठुला आयोजनाहरु गौरबका आयोजनाहरु खासगरी विविध क्षेत्रदेखी सबै क्षेत्रमा हामी गर्ने निर्णय गरेका थियौं । धेरै पछि बोलेको कारणले १-२ मिनेट समय थप्दिन हार्दिक अनुरोध गर्दछु । यो आयोजनाहरु यो हाम्रो गौरवका आयोजनाहरुलाइ कसरी सफलतापूर्वक सम्पन्न गर्ने यसका निम्ति सम्बन्धित मन्त्रालय सरकार र सबै Mechanism लाइ प्रयोग गरेर जे उदेश्यका साथ हामीले ति आयोजनाहरु अगाढी बढाउन खोजेका थियौं । ति उदेश्यका साथ परिपूर्ति गर्ने दिशामा हामी अगाडी बढ्नुपर्नेछ । नतर हामीले गर्न खोजेको कुरा एकापट्टी र कार्यान्वयन अर्को पट्टी भयो भने त्यसले कुनै धेरै चर्को स्वरमा कुरा गर्ने परिणाम पहाड खुदा चुहा निक्ला परिणाम केही पनि नहुने हुन सक्छ । जसको कारणले फेरीपनि हाम्रो क्षमतामा नै प्रश्न खडा हुनेछ र संघीयतामा पनि प्रश्न खडा हुनेछ हाम्रो system माथि पनि प्रश्न खडा हुनेछ । हामी आज

इतिहासका ति मान्छेको रुपमा उपस्थित छु एउटा महत्वपूर्ण मान्छेका रुपमा उपस्थित छु जसले हाम्रो प्रदेशलाइ समुन्नत बनाउनुपर्नेछ । अहिले पनि ७७ जिल्लामा भएको अहिले पनि आम्दानीका स्रोतका हिसाबले बाजुरा सब्भन्दा पछाडी छ । दार्चुला हामीसँग छ । कैलाली कंचनपुरका फाँटहरु हामीसँग छ । कैलाली कंचनपुरका तराइको जिल्ला मानिन्छ । कैलाली कंचनपुर तराइको जिल्ला मात्र मानिन्न यो यस्तो चुरे र मोहन्याल गाउपालिका पहाडका धेरै राम्रा बस्तीहरु भन्दा चुरे र मोहन्याल भन्दा छुट्टै छ । आजपनि ७-८ दिन लगाएर चुनाव प्रसार गर्नुपर्ने पहाडमा कैलाली भित्रै पनि तर कैलाली तराइको जिल्लामा गनिन्छ । यो कुरालाइ विकास विन्यासको आखाले हेर्नेहो भने यो कुरालाइ हामीले सप्पैतिर ध्यान दिएर अगाडी बढ्नुपर्नेछ । त्यसै कारणले अहिले खास गरी धनगढीबाट कुरागरिरहदा यतापट्टि अगाडी बढ्दा हुलाकी राजमार्ग तपाइलाइ थाहा छ । कर्णालीपारीको हुलाकी राजमार्ग उद्धाटन भइसक्यो । भारतीय राजदुत र नेपालको ततकालीत श्रममन्त्रीज्यू हाम्रो रमेशजीले क्याम्पस रोडमा उद्धाटन गरिसक्नु भो । हिजोको हुलाकी राजमार्ग हिड्ने मौका पाइयो । ३ घण्टा मात्रै लाग्यो हसुलियाबाट धनगढी पुग्न । जम्मा १८ किमी मात्र बाटो बन्न बाँकी छ । जम्मा २ किमी बाटोकव समस्या छ । यकापट्टी लिएको छ । ८ वर्ष भइसक्यो १ वटा पुल निर्माणको निम्ति १ पिलर मात्रै बनेको छ । ठेकेदार साहाब कहाँ कुद्रुभाछ थाहा छैन । त्यसै कारण हामीले आ-आफ्नो ठाउमा पहलकदमी नगर्ने हो भने सुस्ताएकाहरु बिउझाउने अवस्थामा छैनन् । त्यस कारणले जति आयोजनाहरु आएका छन् दृढतापूर्वक अब सांसद कोषको close पछि सबै माननीयज्यूले आ-आफ्नो ठाउमा दृढतापूर्वक पहलगरी जनता परिचालन सहित सरकारले पनि भएको बजेटलाइ आफ्नो कार्यान्वयन mechanism लाइ प्रयोग गरेर दृढतापूर्वक कार्यान्वयन गरौं र आगामी बजेट हाम्रो प्रदेशको गौरव अनुसारको बजेट समृद्ध सुदूरपश्चिम सुखी सुदूरपश्चिमबासी बनाउने त्यो केन्द्र सरकार बनाएर हाम्रो ढंगले प्रयोग गरेर अगाढी बढौं हैन भने हाम्रो नाराले हामीलाइ विजोल्ने छ । हाम्रो नाराले हामीलाइ विजोल्ने कुरा होइन हाम्रो सपनालाइ साकार पार्ने कुरामा सबैको ध्यानाकर्षण गर्न चाहान्छु धन्यवाद नमस्कार ।

**माननीय कर्ण बहादुर मल्ल**

माननीय सभामुख महोदय, कुनै पनि देशको एउटा न्याय नपाएको मानिस जब कुनै अदालतमा जान्छ त्यो अदालतबाट न्याय नपाउदा उले ठगिएको महसुस गर्छ र तत अनुसार उ भान्दा माथिल्ला निकायमा जाने उसको आशा जिवितै हुन्छ । र माथिका उच्च अदालतमा गएर न्याय पाउने आशाका साथ उद्यमी राखिएको हुन्छ । त्यसै अनुसार एउटा आमाबाबुबाट यसका छोराछोरीहरु ढाँटिनलागेभने छोराछोरी रिसाउछन् र आमाबाबुले फकाउने प्रयत्न गर्छन् । जब छोराछोरीबाट आमाबाबु ढाँटिन्छन् आमाबाबु निराश हुन्छन् र छोराछोरीले आइन्दा अब यस्तो गल्ती गर्ने छैन भनेर आफ्ना अभिभावकलाइ Convince गर्ने कोशिष गर्छन । र एउटा परिणाममा निस्किने आशा त्यहा पनि जागेको हुन्छ । तर लोकतन्त्रमा जननिर्वाचित सरकारबाट जब समाज ढाँटिन्छ जनता ढाटिन्छ संसद ढाँटिन्छ त्यो मुलुकको कानुन कार्यान्वयन हुनुमा सरकार निरन्तर चुकिराखेको हुन्छ । यो ढाँटै ढाँटको दानियाँ जंजालोमा जब मुलुक लोकतन्त्र संविधान जनता विकास जनताको इच्छा आकांक्षाहरु जब बन्धक जस्ता भइराख्छन् त्यतिखेर मुलुक स्तब्ध हुन्छ । र जनता पनि स्तब्ध हुन्छन् जनप्रतिनिधिहरु पनि न्यायको खोजिमा हिडिराखेको अन्यायबाट पिडक जस्तै भौतारिरहेको अवस्था जस्तै आज हाम्रो मुलुक र हाम्रो प्रदेशका स्थानीय जनप्रतिनिधि र यहाँका जनता भएको कुरा जानकारी गराउन चाहान्छु । यही श्रृंखलामा धेरै पटक हामीले निरन्तर समाज ढाँटिएको जनता ढाँटिएको कानून छलेर काम कारबाही भइराखेका भ्रष्टाचार भइराखेका कुराहरु

निरन्तर माननीय सभामुख महोदय मार्फत यो गरिमामय संसदमा सरकारको ध्यानाकर्षण गर्ने गरिराखेका छौं । र त्यै प्रयत्न अन्तरगत म आज माननीय सभामुख महोदय हाम्रो प्रदेशको सरकारले अक्सिजनको प्लान्ट लाउदा खेरी १ करोड ९६ लाख रुपैया मा दावा गर्ने कम्पनीलाइ नदिइकन १ करोड ४६ लाख रुपैया हालेको कम्पनीलाइ दिने ५० लाख रुपैया अक्सिजनको प्लान्ट राख्ने कुरामा भ्रष्टाचार भएको व्यापक रुपमा भ्रष्टाचार भएको यत्रतत्र सर्बत्र संचारका माध्यमहरुमा आएको छ । औषधी विक्री वितरण गर्ने क्रममा भ्रष्टाचारका कुराहरु यत्रतत्र सर्वत्र आएका छन् । यो गरिमामय संसदमा म के आग्रह गर्न चाहान्छु भने यो अक्सिजनको प्लान्ट राख्दाखेरी भ्रष्टाचार हुने सिटामलका गोली वितरण गर्दा खेरी भ्रष्टाचार हुने । हाम्रो यो प्रदेशको सरकारले के हेरिराखेको छ । कुनै दिन हामी यस्ता प्रदेशका नागरिक भन्नबाट पनि बन्चित हुनेछैन जहाँ सम्सानघाट बनाउदा पनि भ्रष्टाचार हुन्छ जहाँ एउटा प्रसुतीले पनि प्रसुती पाउने भत्तामा पनि भ्रष्टाचार हुन्छ भन्ने इन्गित हुने प्रदेशका नागरिक हुन पनि अब हामी धेरै पछाडी छैनौं जस्तो मलाइ लाग्छ । यसै गरी महालेखा परिक्षकको सम्पूर्ण प्रतिवेदनमा आर्थिक अनियमितता भएको कुराहरु प्रस्ट लेखिएको छ । त्यस कारण म यो गरिमामय सदन मार्फत यो सरकारलाइ के आग्रह गर्न चाहान्छु भने २०७४/७५ बजेट र २०७५/७६ को बजेटमा जुन महालेखा परिक्षको प्रतिवेदन आएको छ आर्थिक अनियमितता भएको ठहर सहित यसलाइ सत्यतथ्य जनताका अगाडी ल्याउनको लागि यो हाम्रो प्रदेश सरकारले एउटा शक्तिशाली आयोग गठन गरिकन तेलाइ छानविनको प्रक्रिया अगाडी बढाओस भन्ने आग्रह गर्न चाहान्छु । डडेल्धुरामा उपक्षेत्रीय अस्पताल स्थापना भएको थियो । त्यो डडेल्धुरा उपक्षेत्रीय अस्पताललाइ डडेल्धुरा अस्पताल डडेल्धुरा नामांकन गरिकन अहिलेको सरकारले संघ मार्फत नै राख्ने निर्णय गर्यो । यो निर्णय असाध्यै स्वागतयोग्य निर्णय हो । तर त्यो डडेल्धुरा अस्पताल डडेल्धुराको अहिलेको अवस्था यो सामान्य भन्दा सामान्य घटना एउटा विरामी एउटा घाइते त्यो अस्पतालमा पुग्न वितिकै पुगेको ५ मिनेटमै सिधै त्यहाँबाट धनगढी अथवा काठमाडौं अथवा कोहलपुर रिफर गर्ने अवस्था रहेको छ । त्यो कारण म यो सभा यहाँका प्रदेश सरकार मन्त्रीज्यूहरु पनि पटक पटक त्यो अस्पतालको निरिक्षण गरेर आउनुभएको छ । के हेरेर आउनुभाछ । के गरिराख्नुभाछ म यतातिर सरकारको ध्यानाकर्षण गराउन चाहान्छु । यसैगरीकन हाम्रो नजिकै हाम्रो अहिले सदन चलिराखेको नजिकै सेती अंचल अस्पताल छ २०४० सालमा स्थापना भएको र २०४० सालमै २९ वटा चिकित्सकको दरबन्दी रहेको सेती अंचल अस्पताल आजका दिनमा पनि ५०% डक्टरहरुको कार्यरत अवस्थामा नरहेको अवस्था रहेको छ । यसै अवस्थामा सरकारी चिकित्सकको डाकोस भन्ने संस्था र अहिले वर्तमान सरकारको विचमा पोषको महिनामा सम्झौता भयो र त्यो सम्झौताको बरखिलापमा सरकारी चिकित्सकहरुलाइ पदस्थापना गर्न सरकार लागिरहेको छ । यसबाट सरकारी चिकित्सकहरुको मनोबल घट्नका कारण सेवाग्राहीहरुले सेवा पाउनबाट वंचित भइराखेका छन् कठिनाइ भइराखेको छ । यतातिर पनि हाम्रो प्रदेश सरकारले मार्फत केन्द्र सरकारलाइ गम्भिरता पूर्वक पहल गर्नका लागि म हार्दिक आग्रह गर्न चाहान्छु । सेती अंचल अस्पताल ३००-५०० सैयाको बनाउने अबधारणा धेरै अगाडी नै नेपाल सरकारको अवधारणा थियो । त्यो अवधारणा अहिलेसम्म पनि कार्यान्वयन नभएको हुनाले हाम्रो सरकारको गम्भिर ध्यानाकर्षण गराउन चाहान्छु । यसैगरीकन भर्खरै अहिले यो सरकारले संविधानका खिलाफमा वर्तमान सरकारले २०७२ मा जारी संविधानका खिलाफमा एउटा निर्णय गरेको छ । जुन देशमा सबै यहाँ व्यवसायहरु आतंकित हुन्छन् काम गर्ने मानिसहरु आतंकित हुन्छन् किसान आतंकित हुन्छन् व्यापारी आतंकित हुन्छन् यातायात व्यवसायी आतंकित हुन्छन् निर्माण व्यवसायी आत्कित हुन्छन् सेवाग्राही आतंकित हुन्छन् डक्टर आतंकित हुन्छन् । पछिल्लो यो केन्द्र सरकारको निर्णय शिक्षक र शिक्षण पेशालाइ आतंकित गर्ने निर्णय गरेको छ । वर्तमान संविधानत स्थानीय सरकारले

माध्यामिक तहका स्कुलहरु स्थानीय तह मातहुने प्रस्ट व्यवस्था हुँदा हुँदै त्यसको सम्पूर्ण संरक्षण स्थानीय सरकारले गर्ने व्यवस्था हुँदाहुँदै अस्ती शुक्रवार मात्र मन्त्रिस्तरको निर्णय गरिकन १० हजार शिक्षण केन्द्र सरकारको निर्देशन अनुसार ७७ वटै जिल्लामा अवस्थित शिक्षक समन्वयन इकाइ मार्फत नियुक्ति दिने ढंगको संविधानलाइ सिधै चुनौती दिने र स्थानीय सरकारमा आएका अधिकारहरु केन्द्रमा लैजाने र अर्को स्थानीय स्कुलहरुलाइ स्थानीय सरकार स्थानीय  जनता र अभिभावकत्वबाट टाढा बनाउने र त्यहाँको शैक्षिक वातावरण खलबलिने जुन निर्णय गरेको छ केन्द्र सरकारले सिधै १० हजार शिक्षकहरुलाइ करारमा नियुक्ति गर्ने निर्णय यो निर्णय यो सरकारले फिर्ता लिनुपर्छ यो जनताको खिलाफमा छ यो संविधानको खिलाफमा छ । स्थानीय जुन सैक्षिक संस्थाहरु छन् त्यसको खिलाफमा छ र स्थानीय सरकारको खिलाफमा छ र यो निर्णय यो सरकारले ततकाल फिर्ता लिनुपर्छ भनी आग्रह गर्न चाहान्छु । म आफ्ना कुरा यो राख्न चाहान्छु । धन्यवाद ।

**माननीय लिलाधर भट्ट**

माननीय सभामुख महोदय, हामी आर्थिक वर्षको अन्तिम दशौं महिनामा प्रवेश गरिसकेका छौं । यो विचमा सरकारले धेरै राम्रा कामहरु पनि अगाढी बढाएको छ यसको लागि म सरकारलाइ धन्यवाद दिन चाहान्छु । अख्तियारी दिइएको छ विकास निर्माणका कामहरु अगाढी बढेको छ । गाउँघरमा प्रदेश सरकार आएको अनुभूति पनि लाग्यो । अस्ती जिल्लाका सबै गाउँपालिका पुगेर आएँ । सम्झौता गर्न संघीय आएपछि डोटी जाने कुरा पनि रैछ । भखरभखर संघीयताको ठुलो अनुभूति भाथ्यो । आज मात्रै परिपत्र सबै जिल्ला शिक्षा समन्वय इकाईमा पुगेको खबर पाएँ यसको लागि पनि मन्त्रीज्यूलाइ धन्यवाद दिन चाहान्छु । किनकी ढाइलाख तिन लाखको कामलाइ डोटी जानुपर्ने । र कृषिका कामहरु गर्नलाइ २ वटा जिल्ला पहिला पहिला सेवा केन्द्रहरुमा हुन्थ्यो अहिले २ जिल्ला ३ जिल्लामा जानुपर्ने भएको अवस्था पनि रैछ । यले पनि हामी कहाँ लग्दै छौं । हाम्रो प्रदेशको संघीयता कहाँ जादैछ र भोली यो संघीयतालाइ कसरी परिभाषा गर्छन भन्ने कुरा हामी सबैले बुझ्नुपर्ने जस्तो हामी सोचिराछौं । १ वर्ष पहिले हामीले सोच्यौं धेरै विकास निर्माणका कामहरु अब छिटो र छरितो हुन्छन् भनेर र हामीले आफ्ना कानुन बनाउदा खेरी जसरी संविधानको मर्म अनुसार ध्यान दिनुपर्ने हो त्यसमा हामीले ध्यान दिन सकेनौं । यो साँचो कुरा हो किनकी । मसँग एउटा परिपत्र छ । २०७५ साल मंसिर १० गतेको दिनमा संघको इकाइसँग काम गर्न भनेर संघलाइ मागेको आदेश फाल्गुन १० गते मात्रै संघले प्रदेशलाइ शिक्षा इकाइ मार्फत काम गर्न सकिने भनेर पत्र पठाएको रैछ । र यो परिपत्र ८ महिना १४ गते संघलाइ पठाएको र १० महिना ८ गतेको दिन संघले प्रदेशका शिक्षा सम्बन्धी कुनै पनि काम संघको समन्वय इकाइ रहेको कार्यालय मार्फत गर्न सकिनेछ भनेर आएको फाल्गुन १४ गते र वैशाख सातै गते भएपनि गएको रैछ । यसको लागि धन्यवाद दिनुपर्छ । अब यो पालिको बजेट अर्को वर्ष कार्यान्वयन हुन्छ कि भनेर प्रश्न गर्नुपर्ने बेला भइसक्यो । विशेष अनुदान सम्पुरक अनुदान सहकारी अनुदान युवा स्वरोजगार कोष द्धारिकादेवी ठकुरानी सशक्तिकरण कार्यक्रम जस्ता कार्यक्रममा करोड पैसा छ । गतवर्ष मुख्यमन्त्री कृषि कार्यक्रमको लागि सूचना आव्हान गरेका थियौं ५०० भन्दा बढीले दिए अहिलेसम्म के भाछ त्यो पनि बुझ्न सक्या छैनौं । यो सदनलाइ जानकारी दिदा मन्त्रीहरुले भाषण दिने र तथ्य र वितथ्य कुराहरु आएका पनि सुन्यौं हामीले । यो गरिमामय सदन मार्फत हामी जनतालाइ प्रश्न गरिराछौं गतसालका दिएका हजारौं निवेदनहरुको के भयो । यसपालीको सहकारीको के हुँदैछ । अब कृषि मन्त्रालयबाट सिलाइ कटाइ तालिम हुँदैछ र शिक्षा मन्त्रालयबाट भेटेनरीका तालिमहरु हुँदैछन् । र अब हामी कता जाँदैछौं भन्ने कुरा यले पनि प्रष्ट देखिदैछ । अहिलेको बजेटमा पनि

भोलीदेखी प्रि बजेट छलफल हुँदैछ । मलाइ लाग्छ अब आन्तरिक मामिला मन्त्रालयले शिक्षाको र कृषि मन्त्रालयले भौतिक पूर्वाधार मन्त्रालयको बजेट नबनाउला भन्न सकिदैन । किनकी हामीले बनाएका बाजेटका शिर्षकहरुको गाउँमा जसरी खिल्ली उडाइदैछ यसको म विशेष ध्यानाकर्षण गराउन चाहान्छु । अब यो राहतको कुरा त गर्नुनै उपयुक्त नहोला जस्तो लागिसक्यो किनकी १ वर्ष बितिसक्यो राहत राहत राहत भन्ने हामी दानी पनि छौं हुनत २ नं. को प्रदेशमा अस्ती हावाहुरी आउदा १ करोडको डिसिजन गर्यौं त्यसको लागि धन्यवाद छ । तर ७ नम्बरका मानिसलाइ मान्छे नै गन्या छैन कि सरकारले जस्तो पनि लागिराछ । मैले माननीय मन्त्रीज्यूहरुको विशेष ध्यानाकर्षण गर्न चाहैं । हावाहुरी परोस जलविद्युत आयोजना बगोस भेडाबाख्रा मरुन वा मान्छे मरुन कुनै पनि निर्णय गर्ने र अहिलेसम्म अनुदान दिने निर्णय भाछैन । मैले यसै सदनबाट सम्बन्धित मन्त्रीज्यूहरुको ध्यानाकर्षण गराएँ । यो जिल्ला बासीको पिडा पनि हो गाउँमा जादाखेरीको दुख पनि हो र हाम्रो के भाछ भन्ने जनताले सोध्ने प्रश्न पनि हो भनेर यो यसको लागि विशेष ध्यानाकर्षण गराउन चाहैं । बजेट निर्माण सम्बन्धी एउटा सूचना जारी भएको देखें भखरै एउटा सामाजिक संजालमा । मुख्यमन्त्री कार्यालयको सचिवालयबाट भनेर एउटा सार्वजनिक सूचना जारी भएको छ १० मिनेट पहिले मैले डाउनलोड गरेको छु । यसमा योजना चाहानेहरुले Messenger मा योजनाको नाम भनेर सूचना जारी गरिएको छ । सुशासन सम्बन्धी विधेयक पास भएको थाहा छ कि छैन र सुशासन सम्बन्धी विधेयक सबै मन्त्रीज्यूहरुले आज लगेर पढिदिन हुन पनि आग्रह गर्न चाहान्छु । योजना आयोग प्रदेशको सांसद र सम्बन्धित पालिकाको सिफारिस भन्ने कुरा त्यहाँ लेखिएको छ र Messenger र Facebook मा यो सूचनाका नाम लेख्रे भन्ने सार्वजनिक सूचना जारी भएका छन् । यो के हुँदैछ । संसदले पारित गरेका कानून हामीले पढ्छौं कि पढ्दैनौं । नभए भोली देखी बजेट छलफलमा यि विषय उठान गरेनौं भने बजेट पास हुँदा कसतो अवस्था आउला सम्बन्धित मन्त्रीज्युहरुले यो कुरा ध्यान दिन म अनुरोध गर्दछु । अर्को महाकाली करोरिडोर कंचनपुरको ब्रहदेव देखी दार्चुला टिंकर जाने कुरा संघीय सरकारले बनाउदै छ र बजेट धेरै छ तर अहिले पनि आएर रिपोटमा कहिपनि जवाफ आउदैन । यो प्रदेशका मुख्यमन्त्री मन्त्रीहरु सबैले के भन्छ भने मलाइ कसैको गुनासो होइन खुटिया दिपायल पनि बन्नु पर्छ तर महाकाली कोरिडोर छ भन्ने कुरा न त ठुला ठला मन्त्री सांसदले यहाँ बोल्छ कसैले पनि बोलिदैन । कंचनपुर देखी दार्चुलासम्मको कोरिडोर जो ४ वटा जिल्लालाइ जोड्छ कसैको मुखबाट सरकारको कही पर्दैन । यो पनि यै जिल्लामा पर्छ यो पनि सामरिक महत्व त्यो पनि इन्डिया र चाइनासँग सडक हो भनेर विशेष ध्यान दिन र संघीय सरकारलाइ ध्यानाकर्षण गराइदिन पनि म मन्त्रीज्यूहरुलाइ विशेष आग्रह गर्न चाहान्छु । यसै गरी लोकसेवा आयोग प्रदेश योजना आयोग गठन सम्बन्धी म धेरै प्रदेशहरुमा काम अगाडी बढेको हामी सुन्दैछौं । हाम्रो प्रदेशमा एकातिर यो गठन भएन कर्मचारी पदपूर्ति भएन भन्ने गुनासो छ र दोश्रो तिर यो गठनको लागि विधेयकको व्यवस्था कहाँनेर पुगेको छ । अब यसको बारेमा पनि गन्भिर छलफल हुनुपर्छ जस्तो लाग्छ । र जिल्ला अस्पतालका डक्टरहरु सबै समायोजन भएर संघमा गइसके । प्रारम्भिक उपचार पनि गाउँमा जिल्लामा नहुनसक्ने अवस्था भइसक्यो । अब हामी सहेर बस्दैनौं भन्ने भाषण पनि सुनिसक्यौं हामीले । मन्त्रीज्यूले प्रतिवद्धता पनि छिटै डक्टर नियुक्ति हुन्छ भन्ने सुन्याछौं । अब त्यो कसरी हुन्छ स्वयंसेवक त नियुक्ति गर्न सक्याछैन सामाजिक विकास मन्त्रालयले भने डक्टर नियुक्ति गर्न सक्नेहो कि नसक्नेहो त्यसता विधेयक कहाँ पुग्याछन् छलफल कहाँ पुग्याछ हामी त सिमानामा भएका एकचोटी हातमा स्यानो चोट लाग्दा पनि इन्डिया जानुपर्ने भाछ र इन्डियाले पनि हामीलाइ सिमानामा दुख दिइरहदा मन्त्रीज्यूहरुले उद्घाटनमा मात्रै ध्यान दिने हो कि यतातिर पनि ध्यान दिनुपर्ने हो यसको बारेमा पनि म ध्यानाकर्षण गराउन चाहान्छु । अब यो अहिले गाउँमा जाँदा मैले मेरो निर्वाचन क्षेत्रकै ५ वटै

पालिकाको पारिका सभाहरुमा र कार्यपालिकामा वैठकमा छलफल गर्दा प्रदेश सरकार प्रति धेरै गुनासो पनि हामीले देख्यौं । किन गुनासो भन्दाखेरी स्वाभिकै हामी के देख्छौं भने जब हामी १ लाख २ लाखका योजनाहरु आफै गर्न खोज्छौं र १० महिनासम्म कुनै योजना कहाँ छन् र त्यसको अख्तियारी कहाँ छ भन्ने अत्तोपत्तो हुँदैन । स्थानीय तह सरकारले पनि विकास निर्माणको काम गर्न हामी प्रदेश सरकारसँग साझेदारी गरेर अगाडी बढ्न सकिन्छ । संविधानकै मर्म अनुसारले हामीले साझेदारीका साथ अगाडी बढाउनु पर्ने संवैधानिक व्यवस्थाहरुले हामीले स्थानीय तहहलाइ अनुदान दिन सक्छौं । ससर्त बजेटको रुपमा दिन सक्छौं र जसले गर्दा स्थानीय सरकारहरुसँगको हाम्रो सम्बन्ध एकदम सुमधुर हुनसक्छ भन्ने कुरा संविधानमै व्यवस्था छ र हामी साना साना योजनाहरु पनि आफै बनाउदैछौं । अन्तमा यो सुधार्न सक्ने सम्भावना देखिएकाले पनि सरकारले पनि विशेष ससर्त योजना दिन सक्ने र विशेष अनुदान दिन सक्ने बजेट आगामी बजेटमा स्थानीय तहहरुसँग साना साना योजनाहरु सम्पन्न गर्नको लागी सहकार्यका साथ अगाढी बढ्न भन्दै म सरकारको ध्यानाकर्षण गराउन चाहान्छु धन्यवाद ।

**माननीय शान्ति नेपाली**

माननीय सभामुख महोदय, प्रदेश सरकारको संचारको प्रकृयामा देश संघीयतामा गइसकेपछि राज्य पुनर्संरचना भइसकेपछि जसरी हामी नेपालमा नयाँ ढंगबाट संविधानमा व्यवस्था गर्दै जाँदा यसको कार्यान्वयनको निर्वाचन पछि हामी तेश्रो आर्थिक वर्षमा प्रवेश गरेका छौं । जहाँ आ.व. २०७४/७५ आ.व. ७५/७६ र अब हामी नजिकै आइरहेको छ आर्थिक वर्ष २०७६/७७ मा प्रवेश गर्दैछौं । हिउदे अधिवेशन समापन पनि हुँदैछ । केही दिन पछि त्यो आउला परिपत्र । हामी एकदमै चुनौतीपुर्ण स्थितिमा प्रदेश सरकार उभिएको छ । मलाइ लाग्दछ हामी केन्द्रिय सरकारले पनि प्रदेश सरकारलाइ संविधानतह जसरी बलियो मर्यादित र जनताको नजिकको सरकार बनाउन खोजेको थियो । अधिकार हस्तान्तरण गर्ने हिसाबले संविधानमा व्यवस्था भएका अधिकारहरुलाइ सहज रुपमा प्रदेश सरकारको अनुकुलतामा सृजना गर्ने कुरामा एकदमै कमी देखिन्छ । सबै भन्दा समस्या र चुनौतीको रुपमा हाम्रो अगाडी सर्जित भएको छ र त्यसैमा पनि हामी प्रदेश सरकार अझ जसरी जुन गतिका साथ जुन संघर्ष जुन बलिदान जुन रगतका खोला बगाएर नेपाली जनताले परिवर्तन गरेर समग्र अधिकारका कुरालाइ अनुसरण गरेर विभिन्न त्याग तपस्याबाट संघीयता निर्माण भएको थियो यसको बुझाइ र व्याख्यामा पनि सबैभन्दा बढी चुनौती रहेको छ समस्या रहेको छ । अहिले स्थानीय सरकार भन्छ हामीलाइ योजना हाल्दा प्रदेश सरकारले सोधेन मलाइ लाग्छ प्रदेश सरकार संघीय सरकार र स्थानीय सरकार आफ्नो आफ्नो शक्ति सरकार हुन् स्वतन्त्र सरकार हुन् । समन्वय गर्न एकदमै अनिवार्य छ अपरिहार्यता छ । तर वाहाहरुबाट हामीले वाहाहरुले अनुरोध गरेकै आधारमा यदि हामीले काम गर्ने हो भने नेपालमा सायद संघीयता नै कमजोर हुन जान्छ । त्यसै कारणले म के भन्न चाहान्छु भने अब यो बजेट कार्यान्वयनको सन्दर्भमा त सबै भन्दा ठुलो समस्या रहेको छ । प्रदेश योजना आयोग लोकसेवा आयोग र विभिन्न संवैधानिक आयोगका शाखाहरु पनि प्रदेश सरकारमा गठन गर्न पाउने अधिकार छ । त्यहाँ पनि समस्या नै सृजना भएको छ र बजेटको सन्दर्भमा अघिल्लो आ.व. २०७५/७६ को बजेटको सन्दर्भमा प्रदेश गौरबको आयोजनालाइ छिटो भन्दा छिटो बहुवर्षिय तिर लगेर शुरुवात गरिदिन म विशेष अनुरोध गर्दछु । ध्यानाकर्षण पनि गराउन चाहान्छु । सबै भन्दा समस्या यले सृजना गरेको छ । र अर्को कुर जुन जेन्डर बजेट प्रदेश सरकारमा क्याबिनेटमा यो छलफल हुन्छ कि हुदैन । जुन देश भौतिक पूर्वाधारका कुरा मात्रै गर्दछ जुन देशले मानवीय विकासलाइ मध्यनजर गर्न सक्दैन त्यो देश मानवीय सुनकांकका हिसाबले सबै

भन्दा पछाडी पर्ने गर्दछ । म धेरै अवगत गर्न चाहादैन सुदूरपश्चिम प्रदेश आफै पनि मानवीय सुचकांकका हिसाबले बझाङ्ग बाजुराको स्थिति म पुन स्मरण गराउन चाहान्छु । देश भरी कतिऔं नम्बरमा ७५ जिल्ला हुँदा कतिऔं नम्बरमा थियो । अझ हाम्रो जनजिवन ति गरिब विपन्न दलित आदिबासी सुकुम्बासी देखी लिएर भुमिहिन ति हलियाहरुको स्थिति के छ यसको यथार्थ तथ्यांक तयार गर्न यो प्रदेश सरकारले एकल महिला विधवा महिला सहिद परिवार हिजोका जतिबेला सशक्त द्वन्द्वका बेला जतिबेला थुप्रैले ज्यान गुमाएका थिए । थुप्रैका काख रित्ता भएका थिएँ । त्यसतो अवस्था ति फरक क्षमता भएका समुदायका यथार्थ अवस्था त्यो तथ्यांक प्रदेश सरकारले राख्न जरुरी छ । यो तथ्यांकहरुमा पनि बजेट विनियोजन गर्न म हार्दिक अनुरोध गर्दछु र जेन्डर बजेटका लागि प्रदेश सरकारले सबैभन्दा मानवीय विकासलाइ पनि साथै जोडेर लैजान म यो प्याकेज नै माग गर्न चाहान्छु । पोहोरा साल पनि मैले अघिल्लो आर्थिक वर्षमा पनि मैल प्याकेजमै कार्यक्रम मागेकी थिएँ । तपाइको एउटा टोल एउटा वडामा ८-१० लाख रुपैया हालेर अब हाम्रो प्रदेश मानवीय हिसाबले आत्मनिर्भर र समृद्धीतिर जान सक्दैन । संघीय सरकारको अथवा अहिलेको वर्तमान सरकारको सुखी नेपाली समृद्ध राष्ट्रको नारालाइ सम्पन्न गर्नका लागि कार्यान्वयन गर्नका लागि यो एकदमै अपरिहार्य छ जहाँ हामीले अन्तराष्ट्रिय सन्धी सम्झौताहरु विभिन्न गरेका छौं । नेपालले विभिन्न Commitment गरेको छ । विभिन्न महिला विरुद्धमा हुने हिंसा विभिन्न वालवालिका माथि हुने हिंसा जातीय विभेदमा हुने हिंसामा नेपालले त्यहाँ हस्ताक्षर गरेको छ र मौलिक हकमा हामीले थुप्रै कुरा लेखेका छौं । अब त्यो कार्यान्वयन कहिलेबाट शुरु हुने । यो विषयमा पनि प्रदेश सरकारले एकदमै सचेत हुनुपर्ने देखिन्छ र अर्को कुरा हाम्रो प्रदेश हाम्रो देश कृषि प्रधान देश । तर कृषिमा हेर्दाखेरी सबै भन्दा परनिर्भरता देखिन्छ । अझै हामीले प्रदेश सरकारको एकल अधिकार भित्र पनि रहेको कृषिमा सबैभन्दा अघिल्लो आर्थिक वर्ष सबैभन्दा कम विनियोजन भएको थियो । त्यसै कारणले एउटा काम गरौं अलि उदाहरणीय गरौं । यो प्रदेशलाइ आर्थिक रुपले बलियो बनाउनका लागि समग्र विकासका लागि कृषिमा बजेट बढाउन जरुरी छ । उद्योग वन पर्यटनतिर सबैभन्दा बढी बजेट बढाउन जरुरी छ । सुदूरपश्चिम प्रदेश प्राकृतिक हिसाबले वातावरणीय हिसाबले एकदमै ऐतिहासिक प्रदेश जहा घोडाघोडी सुक्लाफाँटा अपिसैपाल सुर्मासरोवर जस्ता ऐतिहासिक पर्यटकीय धार्मिक स्थल त्यहाँ राज्यले धेरै ठुलो लगानी नै गर्नुपर्ने छैन । त्यो प्राकृतिक रुपमा आफै सौन्दर्य छन् । तर पर्यटकीय हिसाबले त्यसलाइ व्यवस्थापन गर्न नसकेर नजानेर अझै ति ओझेलमा परिरहे । त्यसै कारणले म अनुरोध गर्न चाहान्छु यो क्षेत्रमा बजेट अलि बढी विनियोजन होस र प्रदेश गोरवका आयोजनामा अब भन्ने मात्रै होइन अघिल्लो आर्थिक वर्षको कार्यान्वयनको दिशामा लैजानु पर्छ र नयाँ बजेट बनाउदा यो विषयलाइ सबैभन्दा बढी प्रदेश सरकारलाइ आत्मनिर्भर बनाउनका निम्ति ध्यानाकर्षण गराउन चाहें । र अन्तमा जुन यातायाततिर अहिले पहाडीजिल्लामा सबैभन्दा बढी यातायाततिर बसहरुमा ओभरलोड गरेर सामान छतमाथि बस्ने ग्यालरीमा सबैभन्दा बढी सामान हालेर ठाउठाउमा दुर्घटना भएको छ । यसमा पनि प्रदेश सरकारको ध्यानाकर्षण गर्न चाहें । अलि अनुगमन र ट्राफिकलाइ व्यवस्थापन गर्न म हार्दिक अनुरोध गर्दछु सरकारको ध्यानाकर्षण गर्दछु । अन्तमा फेरी मैले अस्ती पनि सुन्य समयमा उठाएकी थिएँ यो राज्यको चौथो अंग पत्रकारिता यो क्षेत्रमा प्रदेश सरकारले बजेटै विनियोजन गरेको छैन । अघिल्लो दुइटा आर्थिक वर्षमा अब यो आर्थिक वर्षमा संचार क्षेत्रमा सबै भन्दा बढी त्याहाँ पनि बजेट विनियोजन गर्न मैले फेरी पनि अनुरोध गरें र ६ लेनको सडक बनाउदा निर्माण गर्दा त्यहाँ अपाङ्गमैत्री फरक क्षमतामैत्री त्यहाँ बाटो बनेन । त्यसलाइ अझ जोडेर लैजान मैले अनुरोध गरें । र प्रदेश सरकारले अब यो सुस्त सुस्त विस्तारै अलि अपाङ्ग भएर हिड्याजस्तो भन्दापनि अलि दगुरेर अलि छिटो छरितो गर्नका लागि स्पिड बढाउनुपर्ने अलि छलफल बढाउनु पर्ने र राजस्व मात्र खर्च

अनुमान मात्रै होइनकि आय अनुमानका लागि पनि अब छिटो भन्दा छिटो भूमिहिन जो अहिले नयाँ अहिलेसम्म लालपूर्जा पाएका छैनन् । यसलाइ सबभन्दा छिटो व्यवस्थापन गरेर प्रदेश सरकारले अगाडी बढ्नुपर्छ र महिला खास गरी दलित र यि विभिन्न सिमान्तकृत वर्गका लागि विशेष प्याकेजमा कार्यक्रम ल्याएर चौतर्फी विकासका लागि प्रदेश सरकारले छिटो छरितो काम अगाढी बढाउनु हुनेछ । यै अनुरोध गर्दै विदा हुन्छु धन्यवाद ।

**माननीय टेक बहादुर रैका**

माननीय सभामुख महोदय, हाम्रो नेपालको २०७२ को संविधानमा संघीयता लोकतन्त्र समावेशी सिद्धान्तको आधारमा ३ वटा तहको सरकार संविधानको मुल मर्म र यो प्रदेश सरकारले सु.प प्रदेशमा ४ जना दलितहरुलाइ समावेशी सिद्धान्तको आधारमा मन्त्री बनाइदिएकोमा म प्रदेश सरकारलाइ मुरी मुरी धन्यवाद दिन चाहान्छु । आज हामी संविधानका कुरा गर्छौं । हामी विधि र प्रकृयाका कुरा गर्छौं तर व्यवहारमा जिरो छौं । यी कुरा हामीले बुझ्न जरुरी छ । म यति मात्र होइन ७ नं. प्रदेशका सिंगो दलित जातिका मान्छेहरु सुनिरहेका छन् नेपालको कम्युनिष्ट पार्टी सर्वाहारा वर्गको नेतृत्व गर्ने पार्टी हो । जनजातीको पार्टी हो आदिवासीको पाटी हो । दलितका त मसिया हुँ भन्ने पाटीले एक जना पनि दलितलाइ मन्त्रीको ठाउमा त विभागीय सदस्य पनि बनाइदिनु भएन । विभागको संयोजक पनि बनाइदिनु भएन । के पक्कै नेपाल कम्युनिष्ट पाटीमा लागेका साथीहरु पक्कै पनि यो पाटी तपाइहरुको मसिया हो मलाइ जवाफ दिनुस । बडा दुखका साथ भन्न सक्छु म । आज हामीलाइ द्धय सामन्तवादी चरित्र भएका मानिसहरुले यो वर्गको सोषण र दमन गर्दै छन् । तलको मान्छे उठ्यो भने माथि टाँस्ने माथिबाट दब्यो भने तल आउने । यो ढुलमुले खेलबाट राज्यलाइ मुक्त दिनुपर्छ भन्ने कुरा म सरकारलाइ अनुरोध गर्न चाहान्छु । साथै यहाँ विकास निर्माणका कुराहरु आएका छन् । थुप्रै आए थुप्रै कुरा छन् । मलाइ त हाम्रो डोटेली भनाइ छ काना गोरुलाइ न औंसी न पुनी । जसले करोडौका योजना हाल्नु भाछ । तपाइका लागि सफल भएनि ठिक छ विफल भएनि ठीक छ तर हामी समानुपातिकबाट आएका सौतेलो व्यवहारबाट आएका हाम्रो चुनाव चुन्हनै फरक । हामी विभिन्न पाटीबाट आएका २-४ लाख ८-१० लाख पढ्यो होला त्यो पाए पनि ठीक नपाए पनि ठीक छ । हामी प्रतिपक्षले बोल्न पायौं हामी यसैमा खुशी छौं । त्यसमा पनि मेरो टाउको दुखाउने कुनै कुरो छैन । यहाँ मन्त्रालयमा विभिन्न ठाउहरुबाट कुराहरु आएका छन् । यो मन्त्रालयले यो गर्यो त्यो गर्यो । एक दुइटा योजना पर्याथे सामाजिक विकास मन्त्रालयमा गए हामीले पठाइदियौं अर्थ मन्त्रालय अर्थ मन्त्रालयले टिप्पणी उठाउछन् । त्यो कहिले टिप्पणी उठाउनेहुन् त्यो कहिले ति योजना आउने हुन् र त्यो न घरका छन् न घाटका छन् । छिटो गर्नपर्यो । हामी त सरकार आफ्नो ठाउमा छ गुम्राह पर्यो पर्यो तर सरकारसँग हामी ५३ जनाबाट सरकार बनेको हुनाले सरकारसँगको इजत माननीय सभासदको कुरा हुनाले हामीपनि चोखो भएर बाँच्ने पक्षमा छैन । मैले सरकारलाइ अनुरोध गरें । यहाँ थुप्रै कुराहरु आएका छन् । हामी मिठा कुरा गर्छौं । चिफ्ला भाषण पनि गर्छौं । म त डलडली देख्छु मेरो दाजु मान बहादुर पनि बस्नुभाछ । शान्ति नेपाली दुर्गा नेपाली पनि बस्नुभाछ । वाहाँको पालो कहिले दिनुहुन्छ । यदि यो देशमा दुइटा नारामा छन् । एउटा छाउपडी प्रथालाइ महिलालाइ ठग्ने जाती विभेदका कारण दलितलाइ ठग्ने कुरा छैन । यहा भनिन्छ दलितका राज्य आए दिन आए । जे कुरा छ संविधानमा छ । त्यो संविधान हामीले चाट्ने हो कि तपाइहरुले कार्यान्वयन गर्ने हो । संविधानमा लेखेका कुरा छन् । छाउपडीलाइ ठगेका छन् महिलाहरुलाइ । घर गएर ए पर जा भन्ने । मंचमा आएर छाउपडीको अन्त हुन्छ भन्ने । यस्ता भन्ने खाले मान्छे मसँग आउनुपर्यो । खुलेआम छाउपडीले तपाइको भात खाउ आजदेखी मान्दैनौं भनेर संकल्प गरेर हिडौं । अनिमात्र

मुक्त हुन सक्छ । संकल्प नगरी सक्ने। घरभित्र विभेद गरिराखे बाहिर छाउपडि प्रथाको विरोध गरिराखे । दलितलाइ मुल संविधानमा समावेश नगर्ने । संविधानमा लेखेका छन् तिम्रा दिन आयो भन्ने अनि यो कुराबाट दलितहरुलाइ ठग्नु हुँदैन । म यसैमा निवेदन गर्न चाहान्छु । भर्खरै मात्र कंचनपुरमा भएको घट्ना २०७५ साल जेठ २८ गतेको राती घाँटी रेटेर सुनिल बडायकको हत्या भएको छ । त्यसमा संलग्न अपराधी औत्याराम राना र प्रमोद राना प्रक्राउ परिसकेका छन् र अनुसन्धानको कार्य अलि फितलो छ । तेलाइ कडासे कडा कारबाहीमा अगाडी बढाएर अपराधीलाइ कानुनी दायरामा ल्याएर कानून बमोजिम सजाय दिनुपर्छ भन्ने माग राख्दै विदा हुन्छु । धन्यवाद ।

*(बोली सकेपछि)*

**४. माननीय सदस्यहरु,**

आजको विशेष समय यही समाप्त हुन्छ ।

**५. माननीय सदस्यहरु,**

अब **"सुदूरपश्चिम प्रदेशको प्रदेश सभा (पहिलो संसोधन) नियमावली, २०७५"** माथिको कार्वाही प्रारम्भ हुन्छ ।

**६. माननीय सदस्यहरु,**

**"सुदूरपश्चिम प्रदेशको प्रदेश सभा (पहिलो संसोधन) नियमावली, २०७५"** पुनः छलफलका लागि प्रदेश सभा नियमावली, २०७४ संशोधन मस्यौदा समितिमा पठाइए पश्चात उक्त विधेयकमा पुनः छलफल भई तयार पारीएको प्रतिबेदन सचिवालयमा दर्ता हुन आएको जानकारी गराउँछु ।

*(जानकारी गराएपछि)*

**७. माननीय सदस्यहरु,**

अब म प्रदेश सभा नियमावली, २०७४ संशोधन मस्यौदा समितिका संयोजक माननीय विरमान चौधरीलाई **"सुदूरपश्चिम प्रदेशको प्रदेश सभा (पहिलो संसोधन) नियमावली, २०७५"** लाई सभाबाट पुनः छलफलका लागि समितिमा फिर्ता पठाईएपछि उक्त नियमावलीमा पुनः दफावार छलफलको कार्य समाप्त भए पश्चात तयार पारिएको प्रतिबेदनलाई सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय विरमान चौधरी**

माननीय सभामुख महोदय, प्रदेश सभा सुदूरपश्चिम प्रदेश नियमावली २०७४ संशोधन मस्यौदा समितिको प्रतिवेदन यहाँ समितिमा छलफल भई यस प्रदेश सभामा पेश गर्ने अनुमति चाहान्छु । यस सभाको मिति २०७६/१/३ गते बसेको तेश्रो अधिवेशनको २४ औं वैठकबाट प्रदेश सभा पहिलो संशोधन नियमावली २०७५ माथि पुनः थप छलफल गर्न प्रतिवेदन सहितिको नियमावलीको संशोधन मस्यौदालाई समितिमा फिर्ता पठाइएकोमा मिति २०७६/१/८ मा वैठक बसी छलफलको कार्य समाप्त भएको थियो । सम्पूर्ण संशोधनहरु वैठकमा उपस्थित सदस्यहरुले सर्वसम्मतिबाट पारित गरेका थिए । छलफलको क्रममा समितिका देहाय बमोजिमका माननीयज्यूहरुको उपस्थिति रहेको थियो ।

उपस्थिति

| | |
|---|---|
| १० माननीय विरमान चौधरी | संयोजक |
| २० माननीय मान बहादुर सुनार | सदस्य |
| ३० माननीय माया तामाङ वोहरा | सदस्य |
| ४० माननीय कृष्ण बहादुर चौधरी | सदस्य |

प्रदेश सभा नियमावली २०७४ को संशोधन मस्यौदामा देहाय बमोजिमको टिप्पणी सहितको नियमावलीको मस्यौदा रहेको छ ।

**उद्देश्य र कारण**

नेपालको संविधानको धारा १९४ ले दिएको अधिकार प्रयोग गरी बनाएको प्रदेश नं.७ को प्रदेश सभा नियमावली २०७४ मा केही नियमहरु संशोधन गर्न बान्छनिय भएकोले सोही नियमावलीको नियम २२३ बमोजिम उक्त नियमावलीको पहिलो संशोधन मस्यौदा २०७५ पेश गरेका छौ ।

माननीय विरमान चौधरी

संयोजक

प्रदेश सभा नियमावली, २०७४ संशोधन मस्यौदा समिति

**आर्थिक टिप्पणी**

प्रदेश नं.७ को प्रदेश सभा नियमावली २०७४ को नियम (१), (१३), (११०), (१४६) र (२१३) मा गरिएको संशोधनले प्रदेश सरकारलाई कुनै आर्थिक दायित्व सृजना हुने देखिदैन

माननीय विरमान चौधरी

संयोजक

प्रदेश सभा नियमावली, २०७४ संशोधन मस्यौदा समिति

**संशोधन व्यवस्था सम्बन्धी टिप्पणी**

सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम २२३ मा उल्लेखित नियमावली संशोधन सम्बन्धी व्यवस्था देहाय बमोजिम रहेको छ :-

**संशोधन सम्बन्धी व्यवस्था** :-

(१) सभाले यस नियमावली आवश्यक संशोधन गर्न सक्नेछ ।

(२) नियमावली संशोधन गर्न आवश्यक ठानेमा कुनै सदस्यले सो सम्बन्धी कारण र विवरण सहितको प्रस्तावको सूचना सभामुखलाई दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको सूचना सभामुखले उपयुक्त ठानि अनुमति दिएमा सो प्रस्ताव प्रस्तुतकर्ता सदस्यले नियमावली संशोधन मस्यौदा समिति गठन गरियोस भनी समितिमा रहने सदस्यहरुको नाम सहितको प्रस्ताव स्वीकृतिको लागि बैठकमा प्रस्तुत गर्नेछ ।

(४) उपनियम (३) बमोजिमको समितिमा आवश्यकता अनुसार संख्यामा सदस्य रहनेछन र समितिको सभापति समितिका सदस्यहरुको आफुमध्येबाट चयन गर्ने छन् ।

(५) समितिले बैठकमा प्रतिवेदन पेश गरेपछिको अन्य कार्यविधि सभामुखले हेरफेर गरेमा बाहेक विधेयकका सम्बन्धमा अपनाइने कार्यविधि अपनाइनेछ ।

माननीय विरमान चौधरी

संयोजक

प्रदेश सभा नियमावली, २०७४ संशोधन मस्यौदा समिति

## संशोधन व्यवस्था सम्बन्धी टिप्पणी

सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली २०७४ को नियम २२३ मा उल्लेखित नियमावली संशोधन सम्बन्धी व्यवस्था देहाय बमोजिम रहेको छ ।

### सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली २०७४ को प्रथम संशोधन सम्बन्धी विवरण

| क्र.स. | नियम | नियमावलीमा रहेको हालको व्यवस्था | प्रस्थावित संशोधन पछि कायम हुने व्यवस्था | संशोधन गर्नु पर्नाको कारण र औचित्य |
|---|---|---|---|---|
| १ | नियम (१) संक्षिप्त नाम र प्रारम्भ | १. संक्षिप्त नाम र प्रारम्भ. (१) यस नियमावलीको नाम "प्रदेश नं.७ को प्रदेश सभा नियमावली २०७४" रहेको छ ।<br>(२) यो नियमावली पारित गरेपछि तुरुन्त प्रारम्भ हुनेछ । | १. संक्षिप्त नाम र प्रारम्भ. (१) यस नियमावलीको नाम "सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली २०७४" रहेको छ ।<br>(२) यो नियमावली पारित गरेपछि तुरुन्त प्रारम्भ हुनेछ । | प्रदेश नं.७ को नामाकरण सुदूरपश्चिम प्रदेश रहने भनी मिति २०७५।०६।१२ मा बसेको सभाको ४५औं बैठकले सभामा तत्काल कायम रहेका सदस्य संख्याको २/३ बहुमतबाट पारीत गरेकोले । |
| २ | नियम १३ कार्यव्यवस्था परामर्श समिति | **१३. कार्य व्यवस्था परामर्श समिति :** (१) प्रदेशसभाको बैठकमा पेश हुने विषयहरुको प्राथमिकता तथा समयावधिको निर्धारण लगायत बैठकलाई सुव्यवस्थित ढङ्गले सञ्चालन गर्ने सम्बन्धमा र सभामुखले आवश्यक ठहऱ्याएको अन्य विषयमा परामर्श दिन सभामुखको अध्यक्षतामा प्रदेशसभामा प्रतिनिधित्व गर्ने सम्पूर्ण राजनीतिक दलका सदस्यहरु समावेश हुने गरी **बढीमा सात जना** सदस्य रहने एक कार्य व्यवस्था परामर्श समिति गठन गर्न सकिनेछ । | **१३. कार्य व्यवस्था परामर्श समिति :** (१) प्रदेशसभाको बैठकमा पेश हुने विषयहरुको प्राथमिकता तथा समयावधिको निर्धारण लगायत बैठकलाई सुव्यवस्थित ढङ्गले सञ्चालन गर्ने सम्बन्धमा र सभामुखले आवश्यक ठहऱ्याएको अन्य विषयमा परामर्श दिन सभामुखको अध्यक्षतामा प्रदेशसभामा प्रतिनिधित्व गर्ने सम्पूर्ण राजनीतिक दलका सदस्यहरु समावेश हुने गरी **बढीमा ११ जना** सदस्य रहने एक कार्य व्यवस्था परामर्श समिति गठन गर्न सकिनेछ । | प्रदेश सभामा प्रतिनिधित्व गर्ने सम्पूर्ण राजनितिक दलहरुका प्रतिनिधिहरु समावेश गर्न सदस्य संख्यामा बढोत्तरी गर्दा उपयुक्त हुने । |
| ३ | नियम ११० (१) विधेयकमा संसाधनको सूचना | **११०. विधेयकमा संशोधनको सूचना :** (१) विधेयकमा संशोधन पेश गर्न चाहने कुनै पनि सदस्यले विधेयकमाथिको सामान्य छलफल समाप्त भएको **एक सय वीस घण्टा** भित्र आफुले पेश गर्न चाहेको संशोधन सहितको सूचना सचिवलाई दिनु पर्नेछ । | **११०. विधेयकमा संशोधनको सूचना :** (१) विधेयकमा संशोधन पेश गर्न चाहने कुनै पनि सदस्यले विधेयकमाथिको सामान्य छलफल समाप्त भएको **७२ घण्टाभित्र** आफुले पेश गर्न चाहेको संशोधन सहितको सूचना सचिवलाई दिनु पर्नेछ । | अन्य सबै प्रदेश सभा नियमावली र संघिय संसद नियमावलीमा समेत ७२ घण्टा भएकोले एक रुपता कायम गर्न उपयुक्त हुने । |
| ४ | नियम १४६(२) सचिवालय संचालन तथा व्यवस्थापन | (२) उपनियम (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछ ।<br>(क) सभामुख - अध्यक्ष<br>(ख) उपसभामुख - उपाध्यक्ष | (२) उपनियम (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछ ।<br>(क) सभामुख - अध्यक्ष<br>(ख) उपसभामुख - उपाध्यक्ष<br>(ग) सचिवालयको बरिष्ठतम अधिकृत - सदस्य | हाल सचिवालयमा दरबन्दी नभएकोले सचिवालय सचिव लाई समिति बाट हटाइएको |

<table>
<tr><td></td><td>समितिको गठन</td><td>(ग) प्रमुख प्रतिपक्ष दलको नेता - सदस्य<br>(घ) प्रदेश सभा सचिव - सदस्य<br>(ङ) सचिवालय सचिव - सदस्य सचिव</td><td>(घ) प्रदेश सभा सचिव - सदस्य सचिव</td><td></td></tr>
<tr><td>५</td><td>नियम १४८ विषयगत समितिहरु</td><td>१४८. विषयगत समितिहरु :- प्रदेश सभामा देहायका कार्यक्षेत्र भएका विषयगत समितिहरु रहनेछन् ।
<table>
<tr><th>क.स.</th><th>समितिको नाम</th><th>कार्यक्षेत्र</th></tr>
<tr><td>२</td><td>सार्वजनिक लेखा समिति</td><td>प्रदेश लोकसेवा आयोग र प्रदेश मानव अधिकार आयोग बाहेक प्रादेशिक संवैधानिक आयोगका प्रतिबेदन, सार्वजनिक लेखा तथा प्रदेश लेखा परिक्षक कार्यालयको प्रतिबेदन र बेरुजु फछ्यौट सम्बन्धी</td></tr>
</table></td><td>१४८. विषयगत समितिहरु :- प्रदेश सभामा देहायका कार्यक्षेत्र भएका विषयगत समितिहरु रहनेछन् ।
<table>
<tr><th>क.स.</th><th>समितिको नाम</th><th>कार्यक्षेत्र</th><th></th></tr>
<tr><td>२</td><td>सार्वजनिक लेखा समिति</td><td>प्रदेश लोकसेवा आयोग र प्रदेश मानव अधिकार आयोग बाहेक प्रादेशिक संवैधानिक आयोगका प्रतिबेदन, सार्वजनिक लेखा तथा महालेखा परिक्षक कार्यालयको प्रतिबेदन र बेरुजु फछ्यौट सम्बन्धी</td><td></td></tr>
</table></td><td>प्रदेश लेखापरिक्षकको कार्यालय भन्ने स्थानमा महाँलेखा परिक्षकको कार्यालय लेख्दा उपयुक्त हुने भएकोले</td></tr>
<tr><td>६</td><td>नियम २१३ बैठकलाई सम्बोधन</td><td>(१) कुनै विदेशी राष्ट्रको राष्ट्र प्रमुख, सरकार प्रमुख, सभामुख वा संयुक्त राष्ट्र संघको महासचिव वा नेपालस्थित संयुक्त राष्ट्रसंघका आवासीय संयोजकले सभालाई सम्बोधन गर्न नेपाल सरकारको सहमति लिई प्रदेश सरकारले अनुरोध गरेमा सभामुखले अनुमति दिन सक्नेछ ।<br>(२) उपनियम (१) बमोजिम सम्बोधनको लागि अपनाइने प्रक्रिया कार्य व्यवस्था परामर्श समितिको परामर्शमा सभामुखले तोके बमोजिम हुनेछ ।</td><td>(१) नेपालका राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रतिनिधी सभाका सभामुख, राष्ट्रिय सभाका अध्यक्षलाई प्रदेश सरकारले अनुरोध गरेमा सभामुखले सभामा सम्बोधनका लागि अनुमति दिन सक्नेछ ।<br>(२) कुनै विदेशी राष्ट्र प्रमुख, सरकार प्रमुख, सभामुख, संयुक्त राष्ट्रसंघका महासचिवलाई नेपाल सरकारको सहमति लिई प्रदेश सरकारले अनुरोध गरेमा सभामुख सभामा सम्बोधनका लागि अनुमति दिन सक्नेछ ।<br>(३) उपनियम (१) बमोजिम सम्बोधनको लागि अपनाइने प्रक्रिया कार्य व्यवस्था परामर्श समितिको परामर्शमा सभामुखले तोके बमोजिम हुनेछ ।</td><td>सभामा सम्बोधन गर्न सक्ने राष्ट्रिय र अन्तराष्ट्रिय पदाधिकारीहरुलाई स्पष्ट पार्न उपयुक्त हुने भएकोले</td></tr>
</table>

माननीय विरमान चौधरी

संयोजक

प्रदेश सभा नियमावली, २०७४ संशोधन मस्यौदा समिति

*(प्रतिबेदन प्रस्तुत गरेपछि)*

**८. माननीय सदस्यहरु,**

**"सुदूरपश्चिम प्रदेशको प्रदेश सभा (पहिलो संसोधन) नियमावली, २०७५"** माथिको आजको कार्वाहि यही समाप्त हुन्छ ।.

**९. माननीय सदस्यहरु,**

अब **"प्रदेश सभाको सचिव र सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५"** माथिको कार्वाही प्रारम्भ हुन्छ ।

**१०. माननीय सदस्यहरु,**

"**प्रदेश सभाको सचिव र सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५"** पुनः छलफलका लागि विधायन तथा प्रदेश मामिला समितिमा पठाइए पश्चात उक्त विधेयकमा पुनः छलफल भई तयार पारीएको प्रतिबेदन सचिवालयमा दर्ता हुन आएको जानकारी गराउँछु ।

*(जानकारी गराएपछि)*

**११. माननीय सदस्यहरु,**

अब म विधायन तथा प्रदेश मामिला समितिका सभापति माननीय नेपालु चौधरीलाई "**प्रदेश सभाको सचिव र सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५"** लाई सभाबाट पुनः छलफलका लागि समितिमा फिर्ता पठाईएपछि उक्त विधेयकमा पुनः दफावार छलफलको कार्य समाप्त भए पश्चात तयार पारिएको प्रतिबेदनलाई प्रदेश सभा नियमावली, २०७४ को नियम ११९ बमोजिम सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय नेपालु चौधरी**

माननीय सभामुखज्यू, मिति २०७६।०१।०७
प्रदेश सभा, सुदूरपश्चिमप्रदेश
धनगढी, कैलाली, नेपाल ।

विषय :- **प्रदेश सभाको सचिव र सचिवालय सम्बन्धमाव्यवस्था गर्न बनेको विधेयक २०७५, विधायनतथाप्रदेशमामिला समितिको प्रतिबेदन ।**

माननीय सभामुखमहोदय,

सुदूरपश्चिमप्रदेशसभाको मिति २०७६।०१।०३ गते बसेको तेस्रो अधिवेशनको २४औं बैठकको निर्णय अनुसार प्रदेश सभाको सचिव र सचिवालय सम्बन्धमाव्यवस्था गर्न बनेको विधेयक, २०७५ माथिप्राप्त

संशोधन सहितपुनःछलफल गरि समितिको निर्णय सहितको प्रतिबेदन पेश गर्न यस समितिको मिति २०७६।०१।०७गतेका दिन तेस्रो अधिवेशनको १४औं बैठक बसि विधेयक सम्बन्धमादफावार छलफलको कार्य प्रारम्भभई प्रदेश सभाको सचिव र सचिवालय सम्बन्धमाव्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि छलफल भई दफावार छलफलको कार्य समाप्तभएको थियो ।

दफावार छलफलका क्रममा सम्पन्नउक्त बैठकमा देहायबमोजिमकामाननीय सदस्यज्यूहरुको उपस्थिति रहेको थियो ।

**देहाय**

१.माननीयतारालामातामाङ्ग
२. माननीयश्यामलाल रानाथारु
३. माननीयविरमानचौधरी
४. माननीयशान्तिनेपाली
५. माननीयकुलविर चौधरी
६. माननीय लिलाधर भट्ट

## संशोधन तथा थप हुनु पर्ने विषयहरु

| क्र.स. | दफा | विधेयकमा रहेको साविकव्यवस्था | संशोधनवाथपहुनुपर्ने व्यवस्था | कारण |
|---|---|---|---|---|
| १ | साविक मस्यौदाको दफा ५ को उपदफा २ मा देहाय क देखि ग सम्म | (२)उपदफा(१)बमोजिमको समितिको गठन देहायबमोजिमहुनेछ :-<br>(क) सभामुख - अध्यक्ष<br>(ख) उपसभामुख - सदस्य<br>(ग) प्रदेश सभाको सचिव - सदस्य | (२)उपदफा(१)बमोजिमको समितिको गठन देहायबमोजिमहुनेछ :-<br>(क) सभामुख - अध्यक्ष<br>(ख) उपसभामुख - उपाध्यक्ष<br>(ग) प्रदेश सभा सचिवालयको बरिष्ठतम अधिकृत - सदस्य<br>(घ) प्रदेश सभाको सचिव - सदस्य सचिव | देहाय (ख) मा रहने उपसभामुखलाई उपाध्यक्षबनाइ देहाय (ग) थप गरिएको र साविक देहाय (ग) मा रहेको प्रदेश सभाको सचिव सदस्य रहने व्यवस्थालाई देहाय (घ)मा राखि सदस्य सचिवबनाइएको |
| २ | साविक मस्यौदाको दफा ५ को उपदफा(२) को देहाय खण्ड (घ) मा | **(घ) नेपाल सरकार वाप्रदेश सरकारबाट सचिवपदको व्यवस्थानभए सम्मकालागि** सभामुखले तोकेको **प्रदेश सभाको रा.प.द्धितीय श्रेणीको बरिष्ठतम कर्मचारी** - सदस्य सचिव | **(३) नेपालको संविधानको धारा १९५ को उपधारा (१) बमोजिमप्रदेश सभाको सचिवनियुक्तनभए सम्मकालागि** सभामुखले तोकेको **सचिवालयको बरिष्ठतम अधिकृतल**सचिवभइकार्य गर्ने छ । | देहाय खण्ड (घ) लाई उपदफा (३) बनाइ संशोधन गरिएको |
| ३ | साविक मस्यौदाको दफा ५ को उपदफा(३) मा | **(३)** सभामुखको पद रिक्त रहेको अवस्थामाउपसभामुखले समितिको अध्यक्षभइकार्य गर्ने छ । | **(४)** सभामुखको पद रिक्त रहेको अवस्थामाउपसभामुखले समितिको अध्यक्षभइकार्य गर्ने छ । | उपदफा (३) लाई (४) बनाएको |
| ४ | साविक मस्यौदाको दफा ६ को उपदफा(१) को देहाय खण्ड (झ) पछि | - | **(ञ)**प्रदेश सभा सचिवालयको स्वीकृत दरबन्दीमाकार्यरत कर्मचारीहरुलाई प्रोत्साहनभत्तालगायतअन्यअतिरिक्तथप सेवा सुविधाहरु तोक्न सक्ने । | देहाय खण्ड (झ) पछि देहाय खण्ड (ञ) थपिएको |

| | | | | |
|---|---|---|---|---|
| ५ | साविक मस्यौदाको दफा ६ को उपदफा(१) को देहाय खण्ड (झ) पछि थपिएको देहाय खण्ड (ञ) पछि | - | **(ट)** सचिवालयको स्वीकृत दरबन्दीमाकार्यरत कर्मचारीहरु मध्ये उत्कृष्ठ कार्य गर्ने कर्मचारीलाई पुरस्कार तथाप्रमाणपत्र प्रदान गर्न सक्ने । | नयाँथपिएको देहाय खण्ड (ञ) पछि खण्ड (ट) समेत थपिएको |
| ६ | साविक मस्यौदाको दफा ६ को उपदफा(१) को देहाय खण्ड (ञ) मा | **(ञ)**तोकिएबमोजिमकाअन्यकार्य गर्ने, गराउँने । | **(ठ)** तोकिएबमोजिमकाअन्यकार्य गर्ने, गराउँने | साविक मस्यौदाको देहाय खण्ड (ञ) लाई (ठ) मा सारिएको |
| ७ | साविकमस्यौदाको दफा७ मा | (७) प्रदेश सभाको सचिवको काम, कर्तव्य र अधिकार :प्रचलितकानूनमाउल्लेख भएकाकाम, कर्तव्य र अधिकारको अतिरिक्त सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिमहुनेछ : | (७) प्रदेश सभाको सचिवको काम, कर्तव्य र अधिकार ( **१)**प्रचलितकानूनमाउल्लेख भएकाकाम, कर्तव्य र अधिकारको अतिरिक्त सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिमहुनेछ : | दफा७ सँग जोडिएको वाक्यांसलाई उपदफा (१) पारिएको |
| ८ | साविकविधेयकको मस्यौदाको दफा७ को देहाय खण्ड (ख) देखि (झ) सम्ममा | (ख) प्रदेश सभा सचिवालयको प्रशासकियप्रमुखको रुपमा**नेपाल सरकार वाप्रदेश सरकारबाट सचिवपदको व्यवस्थानभएसम्मकालागि सचिवालयमा खटिएका रा.प. द्धित्तिय श्रेणीका बरिष्ठतम कर्मचारी मार्फत**प्रशासकियकार्य गराउने,<br>(ग)प्रदेश सभाकाकर्मचारीको प्रचलितकानूनबमोजिमनियुक्ति, अवकाश र सजायतथाकार्यसम्पादनमूल्यांकन सम्बन्धीकार्य **नेपाल सरकार वाप्रदेश सरकारबाट सचिवपदको व्यवस्थानभएसम्मकालागि सचिवालयमा खटिएका रा.प. द्धितीय श्रेणीका वरिष्ठतम् कर्मचारी मार्फत गराउने,**<br>(घ) **नेपाल सरकार वाप्रदेश सरकारबाट सचिवपदको व्यवस्थानभएसम्मकालागि सचिवालयमा खटिएका रा.प. द्धितिय श्रेणीका वरिष्ठतम् कर्मचारी मार्फत** प्रदेश सभा र सचिवालयको वार्षिक बजेट तयार गरी समिति समक्ष पेश गराउने,<br>(ङ) **नेपाल सरकार वाप्रदेश सरकारबाट सचिवपदको व्यवस्थानभएसम्मकालागि सचिवालयमाखटिएका रा.प. द्धितिय श्रेणीका वरिष्ठतम्** | (ख) प्रदेश सभा सचिवालयको प्रशासकियप्रमुखको रुपमाकार्य गर्ने,<br>(ग)प्रदेश सभाकाकर्मचारीको प्रचलितकानूनबमोजिमनियुक्ति, अवकाश र सजायतथाकार्यसम्पादनमूल्यांकन सम्बन्धीकार्य गर्ने,<br>(घ)प्रदेश सभा र सचिवालयको वार्षिक बजेट तयार गरी समिति समक्ष पेश गराउने,<br>(ङ) सचिवालयको वार्षिक योजनातथाकार्यक्रम स्वीकृत गराउने,<br>(च) प्रदेश सभा र सचिवालयको लागिविनियोजित बजेट रकमखर्च एवं आर्थिक प्रशासन सम्बन्धीकार्य गराउने, | "नेपाल सरकार वाप्रदेश सरकारबाट सचिवपदको व्यवस्थानभए सम्मकालागि सचिवालयमा खटिएका रा.प.द्धितीय श्रेणीका बरिष्ठतम कर्मचारी मार्फत"भन्ने शब्दावलीझिकिएको । |

| | | | | |
|---|---|---|---|---|
| | | **कर्मचारी मार्फत** सचिवालयको वार्षिक योजनातथाकार्यक्रम स्वीकृत गराउने,<br>(च)**नेपाल सरकार वाप्रदेश सरकारबाट सचिवपदको व्यवस्थानभएसम्मकालागि सचिवालयमा खटिएका रा.प. द्धितीय श्रेणीका वरिष्ठतम् कर्मचारी मार्फत** प्रदेश सभा र सचिवालयको लागिविनियोजित बजेट रकमखर्च एवं आर्थिक प्रशासन सम्बन्धीकार्य गराउने,<br>(छ) **नेपाल सरकार वाप्रदेश सरकारबाट सचिवपदको व्यवस्थानभएसम्मकालागि सचिवालयमा खटिएका रा.प. द्धितीय श्रेणीका वरिष्ठतम् कर्मचारी मार्फत** सचिवालयमाकार्यरत कर्मचारीको क्षमताअभिवृद्धि सम्बन्धीआवश्यककार्यलगायत सचिवालयको सञ्चालन र व्यवस्थापनको कार्य गराउने,<br>(ज) **नेपाल सरकार वाप्रदेश सरकारबाट सचिवपदको व्यवस्थानभएसम्मकालागि सचिवालयमा खटिएका रा.प. द्धितीय श्रेणीका वरिष्ठतम् कर्मचारी मार्फत** सचिवालयको भौतिकनिर्माण, सुधार सम्बन्धीकार्य गराउने,<br>(झ) **नेपाल सरकार वाप्रदेश सरकारबाट सचिवपदको व्यवस्थानभएसम्मकालागि** सचिवालय र अन्यनिकायबीच**सचिवालयमा खटिएका रा.प. द्धितीय श्रेणीका वरिष्ठतम् कर्मचारी मार्फत** समन्वयकायम गराउने, | (छ) सचिवालयमाकार्यरत कर्मचारीको क्षमताअभिवृद्धि सम्बन्धीआवश्यककार्य लगायत सचिवालयको सञ्चालन र व्यवस्थापनको कार्य गराउने,<br>(ज) सचिवालयको भौतिकनिर्माण, सुधार सम्बन्धीकार्य गराउने,<br>(झ) सचिवालय र अन्यनिकायबीच समन्वयकायम गराउने, | |
| ९ | साविकविधेयकको मस्यौदाको दफा७ को देहाय खण्ड (ड) पछि थपिएको नयाँव्यवस्था | - | **(२)** सभामुखले नेपालको संविधानको धारा १९५ को उपधारा (१) बमोजिमप्रदेश सभाको सचिवनियुक्तनभए सम्मकालागि सचिवको हैसियतले कामकाज गर्ने गरि सचिवालयको बरिष्ठतम अधिकृतलाई तोक्न सक्ने छ । | उपदफा (२) थप गरि सचिवको नियुक्तिनभएको अवस्थामाकामकाज गर्ने पदाधिकारी स्पष्ट पार्न उपयुक्तभएकोले |
| १० | साविकविधेयकको मस्यौदाको दफा ८ को उपदफा (२) को देहाय खण्ड (ख) मा | (ख) मान्यताप्राप्त विश्वविद्यालयबाट कानून, व्यवस्थापनतथामानवीकि संकायमाकम्तीमा स्नातकोत्तर उपाधिहासिल गरि कानूनव्यवसायवा अनुसन्धानवाअध्यापनवा | (ख) मान्यताप्राप्त विश्वविद्यालयबाट कानून, व्यवस्थापनतथामानवीकि संकायमाकम्तीमा**स्नातकोत्तर**उपाधिहासिल गरि कानूनव्यवसायवा अनुसन्धानवाअध्यापनवा सरकारी सेवामा**वाअर्ध सरकारी** सेवामाकम्तीमा १० बर्ष अनुभवप्राप्त गरेको, | अर्धसरकारी सेवा समेत थप गरिएको |

| | | | | |
|---|---|---|---|---|
| | | सरकारी सेवामाकम्तीमा १० बर्ष अनुभवप्राप्त गरेको, | | |
| ११ | अनुसूची १ (दफा २६ सँग सम्बन्धित) शपथमा | अनुसूची १ (दफा २६ सँग सम्बन्धित) शपथको तेस्रो हरबमा**प्रदेश सभाको सचिवपदमा**भन्ने उल्लेख भएको । | अनुसूची १ (दफा २६ सँग सम्बन्धित) शपथको तेस्रो हरबमा**प्रदेश सभाको सचिवपदको**भन्ने उल्लेख हुनु पर्ने । | **प्रदेश सभाको सचिवपदमा**भन्ने शब्दको सट्टा **प्रदेश सभाको सचिवपदको**भन्ने शब्दबनाइएको |

माननीय सभामुखमहोदय,

उपरोक्त संशोधनतथाथप गर्नु पर्ने विषयहरु प्रदेश सभाको सचिव र सचिवालय सम्बन्धमाव्यवस्था गर्न बनेको विधेयक, २०७५ मा समावेश गरि उक्तविषयलाई विधेयकको अंगबनाइ सभामा निर्णयार्थ प्रस्तुतहुन सुदूरपश्चिमप्रदेशको प्रदेश सभानियमावली, २०७४ को नियम ११९ बमोजिम यो प्रतिबेदन प्रस्तुत गरेको छु । अन्तमा यो प्रतिबेदनतयार पार्न सहयोग पुऱ्याउँने सचिवालयकाकर्मचारी सहित सम्पूर्ण विधायनतथाप्रदेश मामिला समितिका माननीय सदस्यज्यूहरुप्रतिहार्दिक आभार व्यक्तगर्दै धन्यवाददिन चाहान्छु ।

**प्रस्तुतकर्ता**
माननीयनेपालु चौधरी
सभापति
विधायनतथाप्रदेशमामिला समिति
सुदूरपश्चिमप्रदेश, धनगढी, कैलाली ।

***(प्रतिबेदन प्रस्तुत गरेपछि)***

**१२. माननीय सदस्यहरु,**

**"प्रदेश सभाको सचिव र सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५"** माथिको आजको कार्वाहि यही समाप्त हुन्छ ।.

**१३.माननीय सदस्यहरू,**

आजको बैठकको कार्वाही यही समाप्त हुन्छ । अर्को बैठक मिति २०७६ साल बैशाख १० गते मंगलबार दिनको २:०० बजे बस्ने भएकोले उक्त समय सम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।